आज मिति २०७९ चैत्र १२ गते आइतबारका दिन बागचौर नगर कार्यपालिका सल्यानका नगर प्रमुख श्री जनकराज गौतमज्यूको अध्यक्षतामा नगर कार्यपालिकाको बैठक बस्यो । बैठकको उपस्थिति र निर्णय देहाय बमोजिम छ :-

उपस्थिति

| | |
|---|---|
| श्री जनकराज गौतम | नगर प्रमुख |
| श्री सुम्निमा डि.सि. वली | उप-प्रमुख |
| श्री गंगाराम बस्नेत | १ नं. वडा अध्यक्ष |
| श्री दिपेश डि.सी | २ नं. वडा अध्यक्ष |
| श्री भीम प्रकाश भण्डारी | ३ नं. वडा अध्यक्ष |
| श्री कृष्ण बहादुर बस्नेत | ४ नं. वडा अध्यक्ष |
| श्री जोगेन्द्र वली | ५ नं. वडा अध्यक्ष |
| श्री ज्ञान बहादुर वली | ६ नं. वडा अध्यक्ष |
| श्री प्रेम बहादुर डि.सी. | ७ नं. वडा अध्यक्ष |
| श्री शुसिल जंग चन्द | ८ नं. वडा अध्यक्ष |
| श्री यज्ञ बहादुर डाँगी | ९ नं. वडा अध्यक्ष |
| श्री ज्ञान प्रसास शर्मा धिताल | १० नं. वडा अध्यक्ष |
| श्री केशव बहादुर भण्डारी | ११ नं. वडा अध्यक्ष |
| श्री टीकाराम वली | १२ नं. वडा अध्यक्ष |
| श्री रोजी बुढाथोकी | कार्यपालिका सदस्य |
| श्री ढाँका कुमारी वली डि.सी. | कार्यपालिका सदस्य |
| श्री रीता दमाई | कार्यपालिका सदस्य |
| श्री सीता शर्मा | कार्यपालिका सदस्य |
| श्री रेखा कुमारी डाँगी खत्री | कार्यपालिका सदस्य |
| श्री दिपक बि.क. | कार्यपालिका सदस्य |
| श्री रेशम बि.क. | कार्यपालिका सदस्य |
| श्री टिकाराम बि.क. | कार्यपालिका सदस्य |
| श्री अनन्त कुमार गौतम | प्रमुख प्रशासकीय अधिकृत सदस्य सचिव |

आमन्त्रित

श्री तिर्थराज डाँगी — सूचना प्रविधि अधिकृत

कल्पना डाँगी व.डा. ९. महिला सदस्य

रमेश साह वडा नं ५ वडा प्रतिनिधि

कार्यपालिका बैठक नं. ०९ मिति २०७९।१२।१२ (आ.व. २०७९।०८०)

**प्रस्तावहरुः**

१) योजनाहरु सम्झौता सम्बन्धमा ।
२) विविध

बागचौर नगरपालिका नगर कार्यपालिकाको कार्यालय बागचौर, सल्यान

**निर्णयहरुः**

**निर्णय नं. १ः** चालु आ.व. २०७९।०८० का आयोजनाहरु अन्तिम अवस्थामा सम्पन्न गर्दा भुक्तानीमा समस्या हुने देखीने गरेकोले सो अवस्थालाई मध्येनजर गरि मिति २०८०।०२।१५ गते भित्र सम्झौता गरिसक्ने गरि प्रक्रिया अगाडी बढाउने सर्वसम्मत निर्णय गरियो ।

**निर्णय नं. २ः** कार्यान्वयनमा रहेका योजनाहरुको अनुगमनलाई वडा तथा नगरपालिका मार्फत छिटो छरितो गर्दै भुक्तानी प्रक्रियालाई सहज रुपमा सम्पन्न गर्ने व्यवस्था मिलाउने निर्णय गरियो ।

**निर्णय नं. ३ः** राष्ट्रिय संगितकर्मी संघ जिल्ला शाखा सल्यानको मिति २०७९।०७।१५ गतेको प्राप्त निवेदन अनुसार मौलिक कला संस्कृतिको संरक्षण र प्रवर्द्धन सम्बन्धि सांस्कृतिक कार्यक्रमको लागि यस पालिकाले आर्थिक सहयोग स्वरुप रकम रु १० हजार प्रदान गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४ः** नगर स्तरीय अनुगमण समितिबाट योजना अनुगमणको सिलसिलामा बिभिन्न वडाका विभिन्न योजनाहरुमा देखिएका प्राविधिक समस्याका सम्बन्धमा नगर कार्यपालिकालाई जानकारी गराएकोले आगामी दिनहरुमा आयोजना सञ्चालन गर्दा यस्ता कमि कमजोरी हुन नदिन तथा अनुगमणलाई थप प्रभावकारी बनाउनुका साथै तपसिल बमोजिमका योजनाहरुको अनुगमण समितिको प्रतिवेदनका आधारमा भुक्तानीका लागि सिफारिस गर्ने सर्वसम्मत निर्णय गरियो । साथै सो निर्णय सवै वडाहरुमा पठाई उपभोक्ता समितिलाई अभीमुखिकरण गर्न निर्देशन दिने निर्णय गरियो ।

| क्र.स. | आयोजनाको नाम | वडा नं. | प्राविधिक अवस्था | कै |
|---|---|---|---|---|
| १ | बाँफुखोला स्याउलीखोला हुमपाइप | वडा नं.१२ | साघुरो बाटो भएको | |
| २ | सिमगैरी वगर सडक निर्माण | वडा नं.१२ | ठाडो बाटो खनिएको | |
| ३ | खरखरे दारिमबोट सिँचाई कुलो निर्माण | वडा नं.१० | योजनाको शिर्षक मुहान बाट नभइ फेदतिर बाट भएकोमा मुहान (दारिमबोट) लाई आधार मानेर काम भएको | |

जनकराज गौतम
नगर प्रमुख

प्रमुख प्रशासकीय अधिकृत

जनकराज गौतम
नगर प्रमुख

प्रमुख प्रशासकीय अधिकृत

| | | | | |
|---|---|---|---|---|
| ४ | बनेचौर मा.वि. भवन मर्मत | वडा नं.२ | फिनिसिङ्मा ध्यान दिनु पर्ने देखिएको | |
| ५ | पडगैहाल्ने जाम्नाबोट वरालटोल सडक मर्मत तथा निर्माण | वडा नं. ९ | नाला नभएकोले कच्ची संरचनामा नाला निर्माण गर्नुपर्ने | |
| ६ | मौरीघारे दुयाचौर राकु सडक निर्माण | वडा नं ९ | मोडमा ठाडो खनिएको | |

**निर्णय नं.५** एक पालिका एण्ड पशुपंक्षी लागत साझेदारी कार्यक्रमका लागि बागचौर नगरपालिकाको कार्यपालिकाको वैठकबाट वडा नं. ७ लाई छनौट गर्ने निर्णय गरियो । उक्त साझेदारी कार्यक्रमको लागि आवश्यक पर्ने रकम रु ३ लाख आ.व. २०७९।०८० को रातो किताबको विविध खर्च शिर्षकबाट व्यवस्थापन गर्ने निर्णय गरियो ।

जनकराज गौतम
नगर प्रमुख

प्रमुख प्रशासकीय अधिकृत

CamScanner